# सार्वजनिक खरिद सम्बन्धी

# सञ्चारकर्मीहरूसंग भएको अन्तरक्रिया कार्यक्रमको

# प्रेस विज्ञप्ती

सार्वजनिक खरिद अनुगमन कार्यालयले मिति २०७१।११।१० गते सार्वजनिक खरिदको विषयमा सूचना सम्प्रेषण गर्ने लक्ष्यका साथ पत्रकारहरूसंग अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो । सो कार्यक्रममा सार्वजनिक खरिद अनुगमन कार्यालयका सचिवज्यूको अध्यक्षतामा ४७ जना पत्रकारसहित जम्मा ६५ जनाको उपस्थीति रह्यो । उक्त कार्यक्रममा सार्वजनिक खरिदसंग सम्बन्धित ४ वटा कार्यपत्रहरू प्रस्तुत भएका थिए । चार वटा कार्यपत्रहरू मध्ये तीनवटा कार्यपत्र सार्वजनिक खरिदमा रहेका विभिन्न चुनौतीहरू, खरिद पुनरावलोकन प्रकृया र कालोसूची र विद्युतीय सञ्चार माध्यमको प्रयोग गरी गरिने खरिदको विषयमा भएको प्रगतिका विषयहरू समेटेर कार्यालयको तर्फबाट प्रस्तुत भएका थिए । सेजनको तर्फबाट Bizmandu.com का सम्पादक सरोज काफ्लेले Journalistic overview, status, challenges and prospects विषयमा कार्यपत्र प्रस्तुत गर्दै सार्वजनिक खरिदको क्षेत्रमा रहेका चुनौतीहरू, कठिनाई र सुझावहरूको बारेमा प्रकाश पार्नु भएको थियो । खुल्ला छलफल अवधिमा विभिन्न पत्रकारहरूले Low Bidding, Variation, Bidding capacity, Mobilization advance, Quality, Work complication लगायतको विषयमा गहन जिज्ञासाहरू राख्नु भयो । कार्यक्रमको अन्त्यमा पत्रकारहरूको जिज्ञासाको जवाफ दिदै सचिव श्री टंकमणि शर्माज्यूले सार्वजनिक खरिद ऐन र नियमावलीको विद्यमान कार्यान्वयनको अवस्था र संशोधनको लागि मस्यौदा तयार गरी स्वीकृतिको लागि नेपाल सरकार समक्ष पठाइएको बताउनु भयो । खरिद ऐन, २०६३ को संशोधनले समेटेका नयाँ विषय र क्षेत्रहरूको बारेमा संक्षिप्तरूपमा स्पष्ट पार्दै प्रस्तावित संशोधन पारित भएपछि हाल सार्वजनिक खरिदको क्षेत्रमा उठाइएका समस्याहरू हट्न गई सार्वजनिक खरिद प्रकृया बढी पारदर्शी , निष्पक्ष, प्रतिस्पर्धी र समयानुकुल हुने कुरा बताउँदै कार्यक्रम अन्त्य गर्नु भयो ।

नयाँ ऐन संशोधन पश्चात Low Bidding को समस्या, Variation को समस्या, Mobilization advance को समस्या जस्ता हाल विवादमा रहेका विषयहरूको सहज रुपमा कानूनी उपचार प्राप्त गर्न सकिनेछ ।

मिति- २०७१।११।१०

नरेश कुमार चापागाई
प्रवक्ता
सार्वजनिक खरिद अनुगमन कार्यालय
ताहाचल, काठमाण्डौ